# एकाइ ५ · मानव अधिकार

अध्ययन टिपोट

**BLE मा कस्तो प्रश्न सोधिन्छ**

- **CDC को तालिका एकाइ होइन, सिप जाँच्छ:** शब्दभण्डार ६ · वर्णविन्यास ३ · भाषिक संरचना ७ · पठन बोध ७ · बुँदा टिपोट र सारांश लेखन ४ · निर्देशित रचना ३ · व्यावहारिक लेखन ३ · भाव विस्तार/व्याख्या ३ · पाठगत बोध ९ · निबन्ध लेखन ५
- **शब्दार्थ (२):** चार शब्द (मौलिक ३, आगन्तुक १) को अर्थसँग जोडा
- **शब्द पहिचान (२):** समावेशक शब्द पर्न सक्ने
- **शुद्ध शब्द (१):** ब/व भएका शब्द समूहबाट
- **काल/पक्ष, भाव/अर्थ (२):** धातु सङ्केत गरी खाली ठाउँ; चारमध्ये दुई काल र पक्षबाट
- **बुँदा टिपोट, सारांश (४):** सय शब्दसम्मको अंशबाट चार बुँदा, एक तिहाइमा सारांश
- **व्याख्या (३):** 'मानवका आर्थिक, सामाजिक...'
- **पाठगत बोध (४, ५):** विषयवस्तु, मूल भावका छोटा प्रश्न; विश्लेषणको लामो उत्तर
- **निबन्ध लेखन (५):** आत्मपरक १, वस्तुपरक २ गरी तीन शीर्षकमध्ये एक; १२५ शब्दभन्दा नघटाई

## पाठको सार

- **विधा: आत्मपरक निबन्ध**; 'म' को अनुभवबाट मानव अधिकार, बाल अधिकार, कर्तव्य; १० अनुच्छेद
- **निबन्ध:** एउटा विषयमा विचार मिलाएर लेखिएको गद्य रचना

| किसिम | लेखाइ | चिन्ने उपाय |
|---|---|---|
| आत्मपरक | आफ्नो अनुभव, भावना, विचार | 'म'; सम्झिन्छु मलाई लाग्छ |
| वस्तुपरक | तथ्य, सूचना; निजी कुरा छैन | 'म' छैन; तथ्य, सङ्ख्या |

- **मानव अधिकार:** मान्छे भएर जन्मिएकै कारण पाइने; कमाउनु पर्दैन
  - **जीवन**
  - **समानता**
  - **स्वतन्त्रता**
  - **मर्यादा**
- **संविधान:** मुलुकको सर्वोच्च कानुन; **ऐन:** संसद्ले बनाएको कानुन

**अनुच्छेद अनुच्छेद**

- **१:** 'म मानव हुँ'; अनेकौँ **वसन्त** = धेरै वर्ष; घर, समाजबाट आदर, अधिकार, कर्तव्य
- **२–३:** अभिभावकले जन्मदर्ता, पढाइ, १६ वर्षमा नागरिकता; नागरिकता = राष्ट्रिय पहिचान; गदगद भएर धर्ती ढोग्यो
- **४:** स्वयंसेवी; वृद्धवृद्धा, अपाङ्गता भएका, असहायले सेवा पाउनु दया होइन, **उनीहरूको अधिकार**
- **५:** संविधानको **भाग ३**: मानव र बाल अधिकार; **धारा ३९**: बालबालिकाको हक; राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को **दफा २ (च)**: परिभाषा
- **६:** वैध सम्पत्ति; भाषा, संस्कृति, लिपि जोगाउने; मतदान; बाल अधिकारका **चार खम्बा**
- **७:** बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक देश; **विविधताभित्रको एकता**, सहिष्णुता
- **८:** राष्ट्रसङ्घ; सन् **१९८९** मा बाल अधिकार महासन्धि; **सङ्घ, प्रदेश, स्थानीय तह** ले सुनिश्चित गर्ने
  - **आर्थिक**
  - **नागरिक**
  - **सामाजिक**
  - **राजनीतिक** अधिकार
  - **सांस्कृतिक**
- **९:** गल्ती भए पक्राउ; टुङ्गो न्यायालयले; प्रश्न मात्र
- **१०:** मानव अधिकारवादी बन्ने अठोट; तर **चरित्रहत्या** नगर्ने, **गोपनीयता** राख्ने

**बाल अधिकारका चार खम्बा:** एउटा नभए प्रत्याभूति हुँदैन

- बाँच्न पाउने
- संरक्षण
- विकास
- सहभागिता

| निबन्धको प्रश्न | संविधानको उत्तर |
|---|---|
| पक्राउको कारण? | कारण नबताई थुन्न नपाइने (धारा २०) |
| कहाँ लगिन्छ? | बाटोको समयबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष (धारा २०) |
| यातना दिए? | दण्डनीय; पीडितले क्षतिपूर्ति (धारा २२) |
| नठहराएसम्म दोषी? | प्रमाणित नभएसम्म कसुरदार नमानिने (धारा २०) |

- **मानव अधिकार र नागरिकको हक फरक:** धारा १६, सम्मानपूर्वक बाँच्ने हक: **हरेक व्यक्ति**; धारा १७, देशभर हिँड्ने, बस्ने स्वतन्त्रता: **हरेक नागरिक**

**संरचना:** परिचय (अनु. १) → विस्तार (अनु. २–९) → निष्कर्ष (अनु. १०)

**सन्देश:** मान्छे भएकै कारण स्वतन्त्रता, समानता, मर्यादासहित बाँच्न पाउनुपर्छ; अधिकार माग्नेले कर्तव्य र अरूको अधिकार पनि सम्झनुपर्छ

**भाषाशैली**

- 'म' को बोली: सम्झिन्छु, मैले बुझेसम्म, म त भन्छु → गफ जस्तो
- 'रे': आफैँ जाँचेको होइन, सुनेको
- नवौँ अनुच्छेदमा प्रश्नैप्रश्न: 'म' को चिन्ता
- लाक्षणिक शब्द: खम्बा, वसन्त, कलम चलाउनु

## शब्दार्थ

**मान्यजन / अग्रज:** आदर गर्नुपर्ने मान्छे / आफूभन्दा ठुला
**दायित्व / प्रबन्ध:** पूरा गर्नुपर्ने जिम्मेवारी / मिलाइने व्यवस्था
**मनन / गदगद:** ध्यान दिएर सोचविचार / खुसीले भरिएको
**धारा / दफा:** संविधानको बुँदा / ऐन, विधानको बुँदा
**अनुमोदन / वैध:** स्वीकृति / कानुनले मान्ने
**वञ्चित / चयन:** पाउनुपर्ने कुरा नपाएको / छनोट
**प्रत्याभूति / कार्यान्वयन:** पक्का सुनिश्चितता, ग्यारेन्टी / लागु गर्ने काम


Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-8-nepali/manav-adhikar

**खबरदारी / स्वाभिमान:** सच्याउन गरिने सचेतना / आफ्नो इज्जतको गौरव

**सहिष्णुता / महासन्धि:** सहन सक्ने क्षमता / राष्ट्रहरू मिलेर गरेको सन्धि

**निर्क्योल / निर्मम:** निर्णय, टुङ्गो / मायारहित

**गोपनीयता / मर्यादा:** निजी कुरा गोप्य राख्ने काम / प्रतिष्ठाको गरिमा

**चरित्रहत्या:** झुटो वा नराम्रो कुरा फैलाएर इज्जत बिगार्ने काम

**जन्मभूमि / ज्येष्ठ नागरिक / न्यायालय:** आफू जन्मिएको ठाउँ / धेरै उमेर भएका नागरिक / न्याय दिलाउने ठाउँ

- **अनुभूति** = मनको अनुभव; **प्रत्याभूति** = ग्यारेन्टी

**समावेशक:** धेरै शब्द समेट्ने; **समावेश्य:** त्यसभित्र पर्ने

- अन्न:
  - चामल
  - मकै
  - दाल
  - कोदो
- भाषा:
  - नेपाली
  - गुरुङ
  - मैथिली
  - चेपाङ
- ऋतु:
  - वसन्त
  - वर्षा
  - हेमन्त
  - ग्रीष्म
  - शरद्
  - शिशिर
- **जोडा:**
  - विषय: गणित
  - देश: नेपाल
  - चरो: डाँफे
  - खेल: फुटबल
  - धातु: चाँदी
  - हिमाल: सगरमाथा
- **जाँच:** ‘चामल एक किसिमको अन्न हो’ मिल्छ, उल्टो मिल्दैन
- सम्बन्धले छुट्टिन्छ: तरकारी काउलीको समावेशक, खानेकुराको समावेश्य

## व्याकरण: काल

**काल:** क्रियाले बुझाउने समय

| काल | कहिलेको | उदाहरण | समयका शब्द |
|---|---|---|---|
| भूत | भइसकेको | बिपनाले लेखिन् | हिजो, पोहोर |
| वर्तमान | अहिले, सधैँ | बिपना लेख्छिन् | आज, हरेक दिन |
| भविष्यत् | पछि हुने | बिपना लेख्ने छिन् | भोलि, पर्सि |

| कर्ता | भूत | वर्तमान | भविष्यत् |
|---|---|---|---|
| म | पढेँ | पढ्छु | पढ्ने छु |
| हामी | पढ्यौँ | पढ्छौँ | पढ्ने छौँ |
| तिमी | पढ्यौ | पढ्छौ | पढ्ने छौ |
| ऊ | पढ्यो | पढ्छ | पढ्ने छ |
| उनी (महिला) | पढिन् | पढ्छिन् | पढ्ने छिन् |
| उनीहरू | पढे | पढ्छन् | पढ्ने छन् |
| तपाईं | पढ्नुभयो | पढ्नुहुन्छ | पढ्नुहुने छ |

**काल बदल्दा**

- समयको शब्द पनि: हिजो → भोलि
- सकर्मक भूतमा कर्तामा ‘ले’: तिमी चारो हाल्छौ → तिमीले चारो हाल्यौ
- पुरुष, लिङ्ग, वचन, आदर उस्तै: सिक्दै छिन् → सिक्दै **थिइन्**
- दुई शब्दको क्रियापदमा काल अन्तिम शब्दले:
  - पढ्दै **छ**, पढेको **छ** (वर्तमान)
  - पढ्दै **थियो** (भूत)
  - पढ्दै **हुने छ** (भविष्यत्)

## वर्णविन्यास: ब, व र ओ

- **व, तत्सम:**
  - वर्ष
  - वार्ता
  - वृक्ष
  - वर्तमान
- **ब, तत्सम:**
  - ब्रह्म
  - बहुमत
  - बाहु
  - बृहत्
- **ब, तद्भव र नेपालीकै शब्दको सुरु:**
  - बतास
  - बोसो
  - बिजुली
  - बोक्रो
- **व, आगन्तुक केही:**
  - वकिल
  - आवाज
  - वारिस
  - वडा
- **व, बिचको ओठ गोलो पार्ने ध्वनि:**
  - बटुवा
  - चुवा
  - धुवाँ
- **ओ, सुरुमा:** (‘वोखती’ होइन)
  - ओखती
  - ओथारो
  - ओखर
  - ओभानो

## रचना

**बुँदा टिपोट, सारांश** (सातौँ अनुच्छेद, एकाइ ३ को तरिका)

- बुँदा: बहुभाषिक, बहुजातीय, बहुसांस्कृतिक नेपाल → सबै स्वतन्त्र, समान → लिङ्ग, ठाउँले फरक नपर्ने → विविधतामा एकता, सहिष्णुता
- सारांश: तीन वाक्य, मूलको करिब एक तिहाइ; उदाहरण (भोक, निद्रा) छोड्ने

**आत्मपरक निबन्ध**

- आफ्नै अनुभव, विचारका बुँदा टिप्ने
- **परिचय:** विषयलाई आफूसँग जोड्ने दुई तीन वाक्य
- **विस्तार:** एउटा अनुच्छेदमा एउटा विचार, उदाहरणसहित
- **निष्कर्ष:** आफ्नो सङ्कल्प वा सन्देश
- ‘म’ ले बोल्ने: मलाई लाग्छ, म गर्छु

**प्रायः हुने गल्ती**

✗ सेवा गर्नु दया हो
✓ उनीहरूको अधिकार

✗ मानव अधिकार कमाउनुपर्छ
✓ मान्छे भएर जन्मिएकै कारण पाइन्छ

✗ ‘थालेका छन्’ भूत काल
✓ अन्तिम शब्द ‘छन्’: वर्तमान

✗ ‘सिक्दै छिन्’ को भूत ‘सिक्दै थियो’
✓ सिक्दै थिइन्

✗ वोखती, बोखती
✓ ओखती


Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-8-nepali/manav-adhikar